लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
रासी उपत्यका (देउखुरी), नेपाल



सन्देश

आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन पृथ्वीचन्द्र अस्पताल, परासी ले प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त हर्ष लागेको छ। यस प्रतिवेदनले जिल्लाको स्वास्थ्य क्षेत्रअन्तर्गत सञ्चालित विभिन्न कार्यक्रमहरूको कार्यसम्पादन, उपलब्धि तथा प्रगतिका साथै स्वास्थ्य सेवा प्रणालीका विविध पक्षमा विद्यमान चुनौतीहरूको समग्र चित्र प्रस्तुत गरेको छ। प्रतिवेदनमा समेटिएका तथ्याङ्क तथा सूचनाहरू स्वास्थ्य क्षेत्रका योजनाकार, अनुसन्धानकर्ता, व्यवस्थापक, स्वास्थ्य सेवा प्रदायक, विकास साझेदार तथा सम्बन्धित सरोकारवालाहरूकालागि उपयोगी हुनुका साथै कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका दृष्टिले समेत महत्वपूर्ण आधार बन्ने विश्वास लिएको छु।


नेपालको संविधान, २०७२, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, लुम्बिनी प्रदेश स्वास्थ्य नीति, २०७७, सोह्रौं योजनालगायत लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनामा परिकल्पना गरिएका लक्ष्य तथा उद्देश्य हासिल गर्दै प्रदेशवासी सबै नागरिकलाई गुणस्तरीय, सर्वसुलभ र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको छ। सरोकारवालाबीचको समन्वय, सहकार्य र साझेदारीबाट विगतका वर्षहरूमा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन्। उपलब्ध तथ्याङ्कहरूले प्रदेशको औसत आयुमा सुधार, मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा कमी आएको देखाए पनि अन्य प्रदेशको तुलनामा लुम्बिनी प्रदेशको औसत आयु अझै न्यून रहनु तथा मातृ मृत्युदर, बाल कुपोषणका सूचकहरू कम्जोर अवस्था देखीनु र नसर्ने रोगहरुको दिनानुदिन बढ्दो अवस्थामा रहनु चिन्ताको विषय हो।

सीमित स्वास्थ्य पूर्वाधार, पर्याप्त तथा दक्ष जनशक्तिको अभाव, स्वास्थ्य सेवामा हुने व्यक्तिगत खर्च तथा सबै नागरिकमा स्वास्थ्य सेवाको समान र सहज पहुँच सुनिश्चित गर्ने विषयहरू अझै चुनौतीका रूपमा रहेका छन्। यस्ता चुनौतीहरूको न्यूनीकरणकालागि स्वास्थ्य पूर्वाधारको विकास तथा विस्तार, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, गुणस्तरीय सेवा प्रवाह तथा विशेषगरी स्वास्थ्य सेवाबाट वञ्चित र जोखिममा रहेका समुदायसम्म स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न प्रदेश सरकार निरन्तर प्रतिबद्ध रहनेछ।

यस वार्षिक स्वास्थ्य प्रगति प्रतिवेदन तयार तथा प्रकाशन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। आगामी दिनमा पनि पृथ्वीचन्द्र अस्पताल, परासी ले जिल्लाको स्वास्थ्य सेवा व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, समन्वय तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास लिएको छु। प्रतिवेदनको प्रकाशन तथा प्रभावकारी उपयोगका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

दिपेन्द्र कुमार पुनमगर
मन्त्री

शुभकामना सन्देश.....



पृथ्वीचन्द्र अस्पताल, रामग्राम-५, परासीको वार्षिक प्रतिवेदन प्रकाशन हुन लागेकोमा खुशी व्यक्त गर्दै अस्पताल परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

यस अस्पतालले सेवाग्राही नागरिकको आशा, भरोसा र विश्वास जित्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको कुरा उल्लेख गर्न चाहन्छु। नयाँ प्रविधिको विकास तथा सरकारी स्वास्थ्य संस्थाप्रतिको नागरिकको बढ्दो भरोसासँगै अस्पतालका सेवाहरूलाई समयानुकूल परिमार्जन, विस्तार र सुदृढ गर्दै लैजानु आजको आवश्यकता हो।

स्वास्थ्य मन्त्रालयले पृथ्वीचन्द्र अस्पताललाई महत्वपूर्ण स्वास्थ्य संस्थाका रूपमा लिँदै यसको विकास, सेवा विस्तार तथा संस्थागत सुदृढीकरणका लागि आवश्यक समन्वय, निगरानी र सहयोग गर्दै आएको छ। नवलपरासी तथा आसपासका क्षेत्रमा बढ्दो जनघनत्व र स्वास्थ्य सेवाको मागलाई मध्यनजर गर्दै अस्पतालको क्षमता विस्तार गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षणअनुसार आवश्यक जनशक्ति थप गर्ने प्रक्रियामा मन्त्रालय अग्रसर रहेको जानकारी गराउन चाहन्छु।

यस अस्पताललाई थप व्यवस्थित, सक्षम र सेवाग्राहीमैत्री स्वास्थ्य संस्थाका रूपमा स्तरोन्नति गर्न प्रदेश सरकार तथा स्वास्थ्य मन्त्रालयको निरन्तर साथ, सहयोग र सहकार्य रहने प्रतिबद्धता व्यक्त गर्दछु। आगामी दिनमा अस्पतालले आधुनिक स्वास्थ्य सेवाको केन्द्रका रूपमा थप विकास गर्दै छिट्टै एक सुदृढ शैक्षिक तथा स्वास्थ्य सेवा संस्थाका रूपमा विस्तार हुने विश्वास लिएको छु।

अस्पतालको सेवा प्रवाह, विकास र विस्तारमा निरन्तर समर्पित रहनुहुने सम्पूर्ण चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, कर्मचारी, अस्पताल विकास समिति तथा अन्य सरोकारवाला निकायहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। नागरिकलाई अझ सहज, सुलभ, गुणस्तरीय र बिरामी मैत्री स्वास्थ्य सेवा प्रदान गर्ने यात्रामा अस्पतालले थप सफलता प्राप्त गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

दुर्गालक्ष्मी श्रेष्ठ
सचिव
स्वास्थ्य मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

शुभकामना सन्देश.....



पृथ्वी चन्द्र अस्पतालले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यसम्पादन समीक्षा सम्पन्न गरी समग्र वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ। प्रस्तुत प्रतिवेदनले गत आर्थिक वर्षमा अस्पतालबाट प्रवाह गरिएका स्वास्थ्य सेवाहरू, सञ्चालित कार्यक्रम तथा गतिविधि, प्राप्त उपलब्धि, सेवाको अवस्था, चुनौती र सुधारका पक्षहरूलाई तथ्यमा आधारित रूपमा समेटेको छ। विगतका कार्यहरूको समीक्षा गर्दै आगामी दिनका योजना तथा कार्यक्रम तर्जुमा गर्न यो प्रतिवेदन महत्वपूर्ण आधार बन्ने विश्वास लिएको छु।

नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै सेवाग्राहीको विश्वास अभिवृद्धि गर्नु हाम्रो प्रमुख दायित्व हो। बदलिँदो स्वास्थ्य आवश्यकता र सेवाग्राहीको बढ्दो अपेक्षालाई सम्बोधन गर्न जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास, आधुनिक प्रविधिको उपयोग, स्रोत–साधनको प्रभावकारी परिचालन तथा सेवा गुणस्तरमा निरन्तर सुधार आवश्यक छ। यस दिशामा पृथ्वी चन्द्र अस्पतालले गर्दै आएको प्रयास प्रशंसनीय रहेको छ।

अस्पतालको सेवा विस्तार, विकास तथा सुदृढीकरणमा सहयोग, समन्वय र सहकार्य प्रदान गर्नुहुने संघीय, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायहरू, सरकारी तथा गैरसरकारी संघसंस्था, विकास साझेदार, स्वास्थ्यकर्मी तथा सम्पूर्ण सहयोगी हातहरूप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

अन्त्यमा, वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न अस्पताल परिवारका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा अझ प्रभावकारी, गुणस्तरीय र नागरिकमैत्री स्वास्थ्य सेवा प्रवाहका लागि निरन्तर प्रतिबद्धताका साथ अघि बढ्नुहुनेछ भन्ने अपेक्षा गर्दछु। वार्षिक प्रतिवेदन प्रकाशनको अवसरमा पृथ्वी चन्द्र अस्पताल परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

रोशन लाल चौधरी

निमित्त निर्देशक

स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेश

शुभकामना सन्देश.....



आदरणीय सम्पूर्ण अस्पताल परिवार, सेवाग्राही, बिरामी तथा शुभेच्छुक महानुभावहरू, पृथ्वीचन्द्र अस्पतालको आ.व. २०८२/०८३ को वार्षिक प्रगति समीक्षा तथा वार्षिक प्रतिवेदन प्रकाशनको यस महत्वपूर्ण अवसरमा सम्पूर्ण अस्पताल परिवार, सेवाग्राही, बिरामी, शुभेच्छुक तथा सरोकारवाला महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

यस वर्ष अस्पतालको सेवा विस्तारसँगै संस्थागत तथा आर्थिक व्यवस्थापनलाई सुदृढ बनाउने दिशामा पनि उल्लेखनीय सफलता हासिल भएको छ। सीमित स्रोत-साधनका बीच उपलब्ध स्रोतको प्रभावकारी परिचालन, सेवा प्रवाहमा सुधार तथा व्यवस्थापनमा गरिएको निरन्तर प्रयासबाट अस्पतालको आर्थिक अवस्थालाई क्रमशः सुधार गर्दै सञ्चालनलाई थप व्यवस्थित र दिगो बनाउने आधार तयार भएको छ। यो उपलब्धि अस्पताल विकास समिति, व्यवस्थापन, चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा सम्पूर्ण अस्पताल परिवारको सामूहिक प्रयासको परिणाम हो। अस्पतालले यस वर्ष ५ शय्याको हेमोडायलाइसिस सेवा सञ्चालन तथा विस्तार, इन्डोस्कोपी, इकोकार्डियोग्राफी तथा द्वयियम/ग्चष्लभ ऋगतिगचभ जस्ता नयाँ निदानात्मक सेवाको सुरुवात, साथै २४ घण्टा आकस्मिक तथा अन्तरङ्ग सेवासहित विभिन्न विशेषज्ञ, नियमित तथा निःशुल्क स्वास्थ्य सेवाहरूलाई निरन्तरता दिएको छ। यी प्रयासहरूले अस्पतालप्रतिको सेवाग्राहीको विश्वास थप मजबुत बनाउन सहयोग पुगेको छ।

अस्पताल एक्लैको प्रयासबाट मात्र सञ्चालन र विकास सम्भव हुँदैन। अस्पतालको सेवा सञ्चालन तथा संस्थागत विकासमा निरन्तर सहयोग, समन्वय र सहकार्य प्रदान गर्नुहुने रामग्राम नगरपालिका तथा सरावल गाउँपालिकाप्रति विशेष आभार तथा हार्दिक धन्यवाद व्यक्त गर्दछु। स्थानीय तहबाट प्राप्त सहयोगले अस्पताललाई समुदायसँग अझ नजिकबाट जोडिन र सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ। आगामी दिनमा पनि स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार तथा अन्य सरोकारवाला निकायसँगको सहकार्यलाई थप सुदृढ गर्दै अस्पतालको विकासलाई अघि बढाउने अपेक्षा राखेको छु।

आगामी दिनमा अस्पतालको आर्थिक तथा प्रशासनिक व्यवस्थापनलाई थप सुदृढ गर्दै आवश्यक पूर्वाधार, उपकरण, प्रविधि तथा दक्ष जनशक्तिको विकासमार्फत गुणस्तरीय, सुरक्षित, सर्वसुलभ तथा सेवाग्राहीमैत्री स्वास्थ्य सेवा प्रदान गर्ने हाम्रो प्रतिबद्धता रहनेछ। पृथ्वीचन्द्र अस्पताललाई यस क्षेत्रका नागरिकको भरोसाको केन्द्रका रूपमा थप विकसित गर्न सबैको निरन्तर सहयोग र सहकार्य आवश्यक हुनेछ।

नेपालीहरूको महान् पर्व बडादर्शैं २०८३, शुभदीपावली (तिहार) तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण अस्पताल परिवार, सेवाग्राही, बिरामी तथा उहाँहरूका परिवारजन एवं स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

जगदीशप्रसाद चौधरी

अध्यक्ष

पृथ्वीचन्द्र अस्पताल विकास समिति

शुभकामना सन्देश.....



पृथ्वीचन्द्र अस्पताल, रामग्राम-५, परासीले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका स्वास्थ्य सेवा, विकास तथा प्रगतिको समग्र विवरण समेटी प्रकाशन गर्न लागेको वार्षिक प्रतिवेदनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

पृथ्वीचन्द्र अस्पताल रामग्राम नगरपालिकाको मात्र नभई यस क्षेत्रका आम नागरिकको स्वास्थ्यसँग जोडिएको महत्वपूर्ण सार्वजनिक संस्था हो। स्थानीय नागरिकले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा आफ्नै ठाउँमा पाउन सकून् भन्ने अपेक्षासहित यस अस्पतालले निरन्तर आफ्नो सेवा र क्षमता विस्तार गर्दै आएको छ। पछिल्लो समय हेमोडायलाइसिस, एन्डोस्कोपी, इकोकार्डियोग्राफी, ब्लड तथा युरिन कल्चर लगायतका सेवाको विस्तार हुनु तथा विशेषज्ञ र आकस्मिक स्वास्थ्य सेवाको निरन्तरताले अस्पतालप्रतिको नागरिकको भरोसा थप मजबुत बनाएको महसुस गरेको छु।

स्थानीय सरकारका रूपमा अस्पतालको विकास र सुदृढीकरणलाई हामीले नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषयका रूपमा लिएका छौं। अस्पतालको सेवा विस्तार, पूर्वाधार विकास, आवश्यक स्रोत—साधनको व्यवस्थापन तथा नागरिकमैत्री स्वास्थ्य सेवा प्रवाहका लागि रामग्राम नगरपालिका र पृथ्वीचन्द्र अस्पताल बीचको सहकार्य अझ सुदृढ हुँदै जानेछ। अस्पताललाई आवश्यक पर्ने विषयमा स्थानीय तहबाट गर्न सकिने सहयोग र समन्वयमा नगरपालिका सदैव सकारात्मक र प्रतिबद्ध रहनेछ।

अस्पतालको विकास केवल भवन, उपकरण वा जनशक्तिको विस्तारबाट मात्र सम्भव हुँदैन; यसका लागि सेवाग्राहीप्रतिको जिम्मेवारी, स्वास्थ्यकर्मी तथा कर्मचारीको समर्पण, व्यवस्थापनको प्रभावकारिता र समुदायको विश्वास पनि उत्तिकै महत्वपूर्ण हुन्छ। यस दृष्टिले पृथ्वीचन्द्र अस्पताललाई अझ व्यवस्थित, गुणस्तरीय, उत्तरदायी र सेवाग्राहीमैत्री स्वास्थ्य संस्थाका रूपमा अघि बढाउन अस्पताल परिवारको निरन्तर प्रयास प्रशंसनीय छ।

वार्षिक प्रतिवेदनले विगतका उपलब्धि र अनुभवलाई अभिलेखित गर्नुका साथै आगामी दिनमा अस्पतालले लिनुपर्ने दिशा र प्राथमिकता पहिचान गर्न महत्वपूर्ण आधार बन्ने विश्वास लिएको छु। आगामी दिनमा अस्पतालले अझ विस्तारित र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै यस क्षेत्रका नागरिकको स्वास्थ्य सेवाको भरोसायोग्य केन्द्रका रूपमा आफ्नो भूमिका थप सुदृढ बनाओस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

पृथ्वीचन्द्र अस्पतालको निरन्तर प्रगति, सेवा विस्तार र सफलताको कामना गर्दै अस्पताल परिवार, चिकित्सक, स्वास्थ्यकर्मी तथा सम्पूर्ण कर्मचारीमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

धनपत यादव

नगर प्रमुख

रामग्राम नगरपालिका, परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

शुभकामना सन्देश.....



नवलपरासी पश्चिम क्षेत्रकै पुरानो, प्रतिष्ठित तथा भरोसायोग्य स्वास्थ्य संस्था पृथ्वीचन्द्र अस्पतालले आफ्ना गतिविधि, उपलब्धि, सेवा प्रवाह तथा भावी योजनाहरू समेटेर यो विशेष वार्षिक पुस्तिका प्रकाशन गर्न लागेकोमा हार्दिक खुशी व्यक्त गर्दै सफलताको शुभकामना व्यक्त गर्दछु।

स्थापनाकाल देखि नै यस अस्पतालले यस क्षेत्रका नागरिकलाई निरन्तर स्वास्थ्य सेवा प्रदान गदै आइरहेको छ। सीमित स्रोत-साधनका बीच पनि सेवाग्राहीलाई गुणस्तरीय, सहज र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउनु अस्पतालको प्रमुख उद्देश्य रहँदै आएको छ। पछिल्ला वर्षहरूमा भौतिक पूर्वाधार, आधुनिक स्वास्थ्य उपकरण, जनशक्ति व्यवस्थापन तथा सेवा क्षमताको विस्तारका क्षेत्रमा विभिन्न प्रयासहरू अघि बढेका छन्।

अस्पताल व्यवस्थापन समितिको सदस्यका रूपमा सेवा गर्ने अवसर प्राप्त हुनु मेरा लागि जिम्मेवारीसँगै गौरवको विषय हो। यस क्रममा सेवाग्राहीमैत्री वातावरण निर्माण, सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने तथा व्यवस्थापनलाई व्यवस्थित र पार दर्शी बनाउने विषयमा समितिका तर्फबाट निरन्तर पहल हुँदै आएको छ। उपलब्ध स्रोत-साधनको उचित उपयोग गर्दै सेवाको गुणस्तर कायम राख्नु हाम्रो साझा जिम्मेवारी हो।

पृथ्वीचन्द्र अस्पतालको प्रभावकारिता र विश्वसनीयता अभिवृद्धिका लागि अस्पताल व्यवस्थापनसँगै चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, जनप्रतिनिधि, स्थानीय समुदाय तथा सेवाग्राहीहरूको रचनात्मक सहभागिता आवश्यक हुन्छ। नागरिकका सुझाव, अपेक्षा र आवश्यकतालाई आत्मसात् गर्दै अघि बढ्न सके अस्पतालप्रतिको विश्वास अझ सुदृढ हुने मेरो विश्वास छ।

अन्तमा, यस विशेष वार्षिक पुस्तिकालाई प्रकाशनको स्वरूप दिन अहोरात्र खटिनुहुने सम्पादक मण्डल, अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

आगामी दिनहरूमा पनि पृथ्वीचन्द्र अस्पतालले सेवाग्राहीको विश्वास र आवश्यकतालाई केन्द्रमा राखी गुणस्तरीय तथा प्रविधिमैत्री स्वास्थ्य सेवा प्रदान गर्दै अघि बढ्ने विश्वास लिएको छु। यस यात्रामा सबैको निरन्तर साथ, सल्लाह, सुझाव र सहयोगको अपेक्षा राख्दछु।

धन्यवाद।

सावित्री पौडेल
सदस्य
अस्पताल व्यवस्थापन समिति
पृथ्वीचन्द्र अस्पताल, परासी, नवलपरासी

शुभकामना सन्देश.....



आदरणीय सम्पूर्ण अस्पताल परिवार, सेवाग्राही, बिरामी तथा शुभेच्छुक महानुभावहरू,

आ.व. २०८२/०८३ को वार्षिक प्रगति समीक्षा तथा यस अवसरमा प्रकाशित वार्षिक प्रतिवेदनमार्फत सम्पूर्ण अस्पताल परिवार, सेवाग्राही, बिरामी तथा शुभेच्छुक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

पृथ्वीचन्द्र अस्पताललले यस वर्ष स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा प्रभावकारिता अभिवृद्धि गने क्रममा विभिन्न महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। ५ शय्याको हेमोडायलाइसिस सेवा सञ्चालन तथा विस्तार, इन्डोस्कोपी, इकोकार्डियोग्राफी तथा Blood/Urine Culture जस्ता नयाँ निदानात्मक सेवाको सुरुवात, साथै विद्यमान विशेषज्ञ तथा अन्य स्वास्थ्य सेवाहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउनु यस वर्षका महत्वपूर्ण उपलब्धिहरू हुन्।

त्यसैगरी, २४ घण्टा आकस्मिक तथा अन्तरङ्ग सेवा निरन्तरता, Safe Motherhood, ART, DOTS, Immunization, MCH, Family Planning, OCMC, स्वास्थ्य बीमा लगायतका नियमित तथा निःशुल्क स्वास्थ्य सेवाको निरन्तरता र विस्तारले अस्पतालको सेवाप्रवाहलाई थप सुदृढ बनाउन योगदान पुऱ्याएको छ।

यी उपलब्धिहरू अस्पतालका चिकित्सक, नर्सिङ तथा स्वास्थ्यकर्मी, प्रशासनिक एवं सहयोगी कर्मचारी, विकास समिति तथा सम्पूर्ण अस्पताल परिवारको निरन्तर मेहनत, समर्पण र सहकार्यको प्रतिफल हुन्। यस अवसरमा अस्पतालको सेवा प्रवाहमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु।

आगामी दिनमा अस्पतालका पूर्वाधार, उपकरण, प्रविधि, जनशक्ति तथा सेवा व्यवस्थापनलाई थप सुदृढ गर्दै गुणस्तरीय, सुरक्षित, व्यवस्थित तथा सेवाग्राहीमैत्री स्वास्थ्य सेवा प्रदान गर्ने हाम्रो प्रतिबद्धता रहेको छ। यसका लागि अस्पताल परिवार, सेवाग्राही, स्थानीय समुदाय तथा सम्बन्धित सबै सरोकारवालाको निरन्तर सहयोग, सहकार्य र सद्भाव प्राप्त हुने विश्वास लिएको छु।

नेपालीहरूको महान् पर्व बडादशैँ २०८३, शुभदीपावली (तिहार) तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण अस्पताल परिवार, सेवाग्राही, बिरामी तथा उहाँहरूका परिवारजन एवं स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

यी पावन पर्वहरूले सम्पूर्णमा आपसी सद्भाव, भाइचारा, एकता, शान्ति र समृद्धिको भावना अझ प्रगाढ बनाओस्। आगामी दिनमा पृथ्वीचन्द्र अस्पताललाई अझ सक्षम, गुणस्तरीय, विश्वसनीय तथा जनमुखी स्वास्थ्य संस्थाका रूपमा विकास गर्ने हाम्रो साझा प्रयासले निरन्तरता पाओस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

अन्त्यमा, बडादशैँ, तिहार तथा छठ पर्वको पुनः हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सम्पूर्णमा सु-स्वास्थ्य, दीर्घायु, सुख, शान्ति र समृद्धिको हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

धन्यवाद।

डा. बृजकुमार यादव
मेडिकल सुपरिन्टेन्डेन्ट
पृथ्वीचन्द्र अस्पताल

विषय सूची

क्र.सं.	विषय	पृष्ठ
१	नवलपरासी (ब.सु.प.) जिल्लाः एक परिचय	१-४
२	नवलपरासी(ब.सु.प.) जिल्लामा रहेका स्वास्थ्य संस्थाहरुको सूची	५-६
३	पृथ्वी चन्द्र अस्पताल एक चिनारी	६-७
४	अस्पतालमा हाल उपलब्ध सेवाहरु	७-८
५	अस्पतालको संगठन संरचना	९
६	मानव संशाधनको अवस्था	१०
७	अस्पताल विकास समिति	११
८	अस्पताल विकास समितिका अध्यक्षहरुको नामावलि	११
९	कार्यालय प्रमुखहरुको नामावलि	१२-१३
१०	अस्पतालको भौतिक सम्पतीको विवरण	१४
११	अस्पतालको भौतिक पूर्वाधारको अवस्था	१५
१२	अस्पताल विकास समिति सम्बन्धी	१६
१३	अस्पतालको नाममा रहेका सवारी साधनको विवरण	१६
१४	वित्तीय प्रगति विवरण	१७
१५	**Key Performance Service Indicators**	१८-२०
१६	**DHIS2** प्रतिवेदनको अवस्था	२१
१७	विभिन्न फाँटहरुमा रहेका औजार उपकरणको विवरण	२२-२४
१८	**Hospital Bed**	२५
१९	अस्पतालको मुख्य सेवा सम्बन्धी सूचकहरुको अवस्था	२६
२०	डिस्चार्ज भएका बिरामीहरुको विवरण **(Inpatient)**	२७
२१	वहिरंग सेवा सम्बन्धी सूचकहरु	२७
२२	**Top 10 Causes of Morbidity (OPD)**	२८
२३	**Top 10 Causes of Morbidity (Emergency)**	२९
२४	परिवार कल्याण कार्यक्रम सम्बन्धी सूचकहरुको अवस्था	३०
२५	मातृ तथा शिशु मृत्युको विवरण **MPDSR**	३१
२६	रोग नियन्त्रण कार्यक्रम	३२
२७	**Hospital based One Step Crisis Management Center (OCMC)**	३३
२८	**Medical Legal Cases Performed**	३३
२९	**Total Patients Served by Social Service Unit**	३४
३०	अस्पताल फार्मेसी	३५
३१	प्रदेश सरकारका प्राथमिकता प्राप्त कार्यक्रम	३६
३२	स्वास्थ्य बिमा सेवा	३७
३२	**Section wise MSS Scoring**	३८-४०
३३	**Planed Action during last MSS Assessment**	४१-४२
३९	अक्सिजन उत्पादनको अवस्था	४२
४०	**Annexure**	४३-४६

१. नवलपरासी (ब.सु.प.) जिल्ला एक परिचय:

नेपाल अधिराज्यका ७ प्रदेश अन्तर्गतको लुम्बिनी प्रदेश क्षेत्रको महामानव शान्तिका दूत भगवान गौतम बुद्धको जम्मस्थलको रुपमा विश्व परिचित लुम्बिनी अञ्चलका ६ वटा जिल्लाहरु मध्ये नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) पनि एक हो । करिब ६३४.८८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस जिल्लाको पूर्वमा नवलपुर , पश्चिममा रुपन्देही, उत्तरमा पाल्पा र तनहु जिल्ला र दक्षिणमा मित्रराष्ट्र भारतको उत्तर प्रदेश र विहार प्रान्त पर्दछन् ।

समुन्द्र सतहबाट करिब ९१ मि. देखि १९३६ मि. सम्मको उचाईमा अवस्थित जिल्लाको पूर्व–दक्षिण सुस्ता गाउँपालिका , पश्चिम–दक्षिण भागमा तराई, उत्तर-पूर्व र उत्तर–पश्चिम भागमा महाभारत पर्वत श्रृङखलाको चुरे पहाडी क्षेत्र पाइन्छ । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला भौगोलिक रुपमा पनि सम्पन्न एवं भिन्नै पहिचान बोकेको तीन तल्ले जिल्लाको रुपमा सुपरिचित रहेको छ ।



यहाँ पहाडी क्षेत्र , भित्री मधेश र तराई क्षेत्र रहेका छन् । यसै भौगोलिक विविधताका कारण नेपाल अधिकाराज्य भरिकै हावापानी वातावरण र संस्कृति यहा पाइन्छ । यहाको न्यूनतम तापक्रम ५ डिग्री सेल्सियस र अधिकतम तापक्रम ४४ डिग्री सेल्सियस सम्म रहेको पाइन्छ । कालीगण्डकी करिडोर अर्न्तगत नारायणी नदीको कंचन जलप्रवाहबाट सदियौं देखि सिंचित यस जिल्लामा विविध जातजाति, भाषाभाषी, धर्म संस्कृतिको सम्श्रिण पाइन्छ । यहा जनगणना २०५८ अनुसार ३२१०५८ जनसंख्या रहेकोमा नेपाल अधिराज्यमै सबै भन्दा बढी कुमाल र रजभार जातिको बसोबास समेत रहेको पाइन्छ । भौगोलिक रुपमा यस जिल्लाको सम्पूर्ण भू–भागलाई दाउन्नेडाडाले करिब बीचबाट चिरी पूर्व तर्फ नवलपुर क्षेत्र र पश्चिम तर्फ परासी क्षेत्रको रुपमा जिल्लालाई दुई खण्डमा विभाजन गरेको छ । यहाँ तुरिया, धनेवा, झरही जस्ता खोलानालाले निरन्तर रुपमा जलप्रवाह गरिरहेका छन् ।

त्यसैगरी करिब ८४ विघा क्षेत्रफलमा फैलिएको ऐतिहासिक नन्दन ताल, गैडाताल, पिपरपाति नाला, बुटाहा र सुसिहवा तालले थुप्रै जलचरहरुलाई बास स्थान प्रदान गरी जिल्लाको गरिमालाई निरन्तर बडाइ रहेका छन् । २०७३ सालमा यस जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नमाकरण गरिएको हो । प्रशासनिक रुपमा ४ वटा गाउँपालिका,३ नगरपालिका, २ वटा संघीय निर्वाचन क्षेत्र, ४ वटा प्रदेश निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लाको सदरमुकाम जिल्लाको एक मात्र नगरपालिका रामग्राम नगरपालिकाको परासी बजारमा रहेको छ । जुन पूर्व पश्चिम राजमार्गको सुनवल भन्ने स्थानबाट ९ कि.मी. दक्षिणमा अवस्थित रहेको छ ।

ऐतिहासिक एवं सांस्कृति रुपमा भिन्नै पहिचान बोकेको यस स्थानमा महामानव भगवानबुद्धको परिनिर्वाण पश्चात प्राप्त आठवटा अस्थिधातु मध्ये एक अस्थि धातु राखिएको विश्व प्रसिद्ध रामग्राम स्तुप रहेको छ । प्राचिन समयमा सम्राट अशोकले अन्य स्थलका अस्ति धातुहरु निकाली आफ्नो राज्यमा विभाजन गरी कैयौं बौद्ध स्तुपहरु निर्माण गरेका भएता पनि यस स्थलमा रहेको अस्थिधातु निकाल्न आउँदा नाग र हात्तिहरुले संरक्षण गरी निकाल्न नदिएको भन्ने जनश्रुति रहेको छ । यसै पवित्र स्थलको नामबाट नगरपालिका र यस शाखाको नामाकरण गरिएको हो । यो रामग्राम महामानव गौतमबुद्धको मावली गाउँ, उनको बाल्यकालको क्रिडास्थल र प्राचिन कोलिय गणराज्यको राजधानी रहेको विश्वास गरिन्छ । यसका अलावा यहाँ पृथ्वीनारायण शाहले नेपाल एकिकरण गर्नु पूर्व पाल्पाका सेन वशी राजाहरुका इष्टदेवी पाल्ही भगवतिको प्रसिद्ध मान्दिर समेत रहेको छ । यस जिल्लामा सोना-तमसा र सप्तगण्डकी नदीहरुको समिश्रणबाट बनेको प्रसिद्ध त्रिवेणी धाम (जुन स्थल भारतको प्रयाग जतिकै श्रदा र आस्थाको केन्द्रको रुपमा रहेको छ), अद्यापी रहेको पाउन सकिन्छ), यसका अतिरिक्त यहाँ

मदारथान, बाबा बर्दगोरिया कुटी, अनुमा घाट, पण्डितपुर, अकलादेवी, घुमारिघाट जस्ता पर्यटकिय एवं धार्मिक स्थलहरु रहेका छन् भने थुप्रै मठमन्दिरहरु समेत रहेका छन् । यस जिल्लाका व्यापारिक महत्वका केन्द्रहरुमा परासी, महेशपुर, सुनवल, बर्दघाट, जमुनिया, भूमही, महत्वपूर्ण रहेका छन् । जिल्लाको सदरमुकाम परासीबाट १२ कि.मी.को दूरीमा भारतीय सिमावर्ती बजार ठूठीबारी अवस्थित रहेको छ जहाबाट गोरखपुर, लखनउ जस्ता ठूला भारतीय बजारहरुमा जान सकिन्छ भने माहामानव गौतम बुद्धले परिनिर्वाण प्राप्त गर्नुभएको प्रसिद स्थल कुशिनगर समेत सजिलै जान सकिन्छ ।

नेपालको प्रदेश नं. ५ अन्तर्गत पर्ने १२ वटा जिल्ला मध्येको एक जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) हो । नेपालको संविधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नामाकरण भै छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिम मिति २०७४।०७।१९ गते देखि जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को नामबाट कार्यालय संचालन भै आएको छ ।

१.१ भूगोल:

- सीमाना:

i. पूर्व : नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

ii. पश्चिम : रुपन्देही जिल्ला

iii. उत्तर : पाल्पा र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला

iv. दक्षिण : भारतको उत्तर प्रदेश (यु.पी.) र बिहार राज्य

- क्षेत्रफल: ७४७.०५ वर्ग कि.मी.
- औसत लम्बाई (उत्तर-दक्षिण): ३४ कि.मी.
- औसत चौडाई (पूर्व-पश्चिम): ३२ कि.मी.
- भारतसँग जोडिएको सीमाको लम्बाई: २७.५ कि.मी.
- सीमा स्तम्भहरु: १६ (विभिन्न प्रकार र अवस्थाका)
- सबैभन्दा अग्लो भू-भाग: समुन्द्री सतहबाट १०३२ मिटर (महलपोखरी)
- कृषियोग्य जमिन: ७०१४३ हेक्टर
- वनजंगलले ढाकेको क्षेत्र: ३६४० हेक्टर (३०%)
- शहरी क्षेत्र: ४७.५ वर्ग कि.मी. (६५%)

- मुख्य नदीनाला: नारायणी
- प्रमुख खोलानाला : तुरिया, झरही, धनेवा
- प्रमुख ताल : नन्दन ताल, बुद्धमंगल ताल, धर्मपोखरी ताल, तेलना पोखरी, गैडाताल
- मुख्य धार्मिक, पर्यटकीय र ऐतिहासिक स्थलहरु: पाल्हीभगवती मन्दिर, पण्डितपुर र रामग्राम स्तुप

१.२ **जनसंख्या: (२०७८ सालको जनगणना अनुसार)**

- पुरुष: १६३४८९
- महिला: १७५३७१
- जम्मा जनसंख्या: ३३८८६०
- जनघनत्व: ४५९ प्रति वर्ग कि.मी.
- जनसंख्या बृद्धिदर : ३.२%
- मुख्य जातिहरु: ३० ब्राम्हण, क्षेत्री, थारु, यादव, कलवार, तेली गुप्ता,मुसलमान आदि)

१.३ **नवलपरासी (ब.सु.प.) जिल्लामा बोलिने भाषाहरुको विवरण :**

भाषा	प्रतिशत
भोजपुरी	५५.७१%
नेपाली	२६.८३%
थारु	८.७३%
मैथली	३.३३%
मगर	२.८%
अन्य	२.९ %

२. **नवलपरासी(ब.सु.प.) जिल्लामा रहेका स्वास्थ्य संस्थाहरुको सूची :**

क्र.सं.	संघ/प्रदेश/स्थानिय तह	स्वास्थ्य संस्थाको नाम
१	प्रदेश सरकार	पृथ्वीचन्द्र अस्पताल, परासी
२	रामग्राम नगरपालिका	हकुई स्वास्थ्य चौकी
		अमरवन स्वास्थ्य चौकी
		देवगाउ स्वास्थ्य चौकी
		मन्झरिया स्वास्थ्य चौकी
		जमुवाड स्वास्थ्य चौकी
		उनवछ स्वास्थ्य चौकी
		सुक्रौली स्वास्थ्य चौकी
		अमरौट स्वास्थ्य चौकी
३	सुनवल नगरपालिका	स्वाठी स्वास्थ्य चौकी
		रामनगर स्वास्थ्य चौकी
		सुनवल स्वास्थ्य चौकी
४	बर्दघाट नगरपालिका	चिसापानि अस्पताल
		दाउन्ने देवि स्वास्थ्य चौकी
		जहदा स्वास्थ्य चौकी
		पञ्चनगर स्वास्थ्य चौकी
		माकर स्वास्थ्य चौकी
५	पाल्हिनन्दन गाउँपालिका	हरपुर स्वास्थ्य चौकी
		कुश्मा स्वास्थ्य चौकी
		गेरमी स्वास्थ्य चौकी
		सनई स्वास्थ्य चौकी
		पाल्ही प्रा.स्वा.केन्द्र

क्र.सं.	संघ/प्रदेश/स्थानिय तह	स्वास्थ्य संस्थाको नाम
६	प्रतापपुर गाउँपालिका	गुढीसुर्यपुरा स्वास्थ्य चौकी
		प्रतापपुर स्वास्थ्य चौकी
		जगन्नाथपुर प्रा.स्वा. केन्द्र
		ठुलोखैरटवा स्वास्थ्य चौकी
		बेदौली स्वास्थ्य चौकी
		सोमनी स्वास्थ्य चौकी
७	सरावल गाउँपालिका	मनरी स्वास्थ्य चौकी
		तिलकपुर स्वास्थ्य चौकी
		भुजहवा स्वास्थ्य चौकी
		रामपुरखडौना स्वास्थ्य चौकी
		वडहरदुवौलीया स्वास्थ्य चौकी
		सरावल स्वास्थ्य चौकी
		मंगलापुर सामुदायिक केन्द्र
८	सुस्ता गाउँपालिका	कुडिया स्वास्थ्य चौकी
		रुपौलिया स्वास्थ्य चौकी
		पग्लिहवा स्वास्थ्य चौकी
		नर्सही स्वास्थ्य चौकी

३. पृथ्वी चन्द्र अस्पताल: एक चिनारी :

प्रदेश सरकार, लुम्बिनि प्रदेश, स्वास्थ्य, जनसंख्या तथा परीवार कल्याण मन्त्रालय, स्वास्थ्य निर्देशनालय मातहत रहेको नवलपरासी (ब.सु.प.) जिल्लाको सदरमुकाम परासी बजार, रामग्राम नगरपालिका वाड नं.५ मा अवस्थित यस पृथ्वी चन्द्र अस्पतालको स्थापना वि.सं.१९६८ मा स्थापना भएको हो । एक शताव्दि भन्दा बढी इतिहास बोकेको यस अस्पताल वि.सं. २०७३ सालमा १५ शैया बाट ५० शैयाको अस्पतालमा स्तोरन्नति भई हाल सेकेण्डरी ए लेभलको अस्पतालको रुपमा यस जिल्लाको एक मात्र रीफरल सेन्टरको रुपमा सेवा प्रवाह गरीरहेको छ ।

क्र.सं.	विभाग / सेवा	उपलब्ध सेवा
१	बहिरङ्ग सेवा (इएम)	
१.१	सामान्य चिकित्सा	General Medicine OPD
१.२	ज्येष्ठ नागरिक	Geriatric OPD
१.३	हाडजोर्नी तथा नशा	Orthopedics OPD
१.४	स्त्री तथा प्रसूति	Obstetrics & Gynecology OPD
१.५	शल्यचिकित्सा	General Surgery OPD
१.६	बालरोग	Pediatric OPD
१.७	आँखा रोग	Ophthalmology OPD
१.८	नाक, कान तथा घाँटी	ENT OPD
१.९	फिजियोथेरापी	Physiotherapy Service
१.१०	दन्त सेवा	Dental Services
१.११	ड्रेसिङ तथा घाउ उपचार	Dressing Service
२	आकस्मिक सेवा (भभचनभलअथ)	
२.१	२४ घण्टा आकस्मिक सेवा	@$–Hour Emergency Service
३	अन्तरङ्ग/भर्ना सेवा (क्षएम)	Total no= of Admission
३.१	आमा सुरक्षा कार्यक्रम	Safe Motherhood Programme
३.२		Normal Delivery
३.३		C÷S
३.४		Total no= of Delivery
३.५	क्लक्रग	
३.६	ल्य. या ब्दयचतष्यल	
४. राष्ट्रिय स्वास्थ्य कार्यक्रम		
४.१	एआरटी सेवा	ART Clinic
४.२	डट्स सेवा	DOTS Clinic
४.३	खोप सेवा	Immunization Service
४.४	मातृ तथा शिशु स्वास्थ्य	MCH Service
४.५	परिवार नियोजन	Family Planning Service
५.निदानात्मक सेवा		

५.१	प्रयोगशाला टेस्ट	Laboratory Services
५.२	डिजिटल एक्स-रे	Digital X–Ray Service
५.३	अल्ट्रासाउण्ड (भिडियो एक्स-रे)	Ultrasonography -USG_
५.४	ईसीजी	Electrocardiography -ECG_
५.५	इकोकार्डियोग्राफी	Echocardiography
५.६	एन्डोस्कोपी	Endoscopy Service
६. विशेष सेवाहरू		
६.१	हेमोडायलाइसिस	Hemodialysis Service
६.२	एकद्वार संकट व्यवस्थापन केन्द्र	OCMC
६.३	सामाजिक सुरक्षा इकाई	SSU
६.४	स्वास्थ्य बीमा सेवा	Health Insurance Service
७	सहायक सेवाहरू	
७.१	शव परीक्षण	Postmortem Service

५ पृथ्वी चन्द्र अस्पताल, परासी

संगठन संरचना

६. मानव शंसाधनको अवस्था:

पद	दरवन्दी अनुसारको उपलब्धता			कार्यरत					
	स्वीकृत दरवन्दी	पदपुर्ती	लामो बिदामा	स्थायी	करार (Scholar-ship र Contract)	ज्यालादारी	जम्मा	काजमा आएको वा गएको	करारमा लिएको संस्था
Chief Consultants (including CMS/MS / Director) – 11th	1	0	0	0	0	0	0		
Senior Consultants–9/10th	8	3	0	3	9	0	12		
Medical Officers/Dental Surgeon– 8th	5	5	0	1	8	0	9		
Laboratory Staff (4th–10th)	5	4	0	4	7	0	11		
Paramedic Staff -5th–8th)	8	6	0	6	13	0	19		
Medical Recorder (5th–8th)	1	1	0	1	0	0	1		
Nursing Staff -(4th–8th)	12	12	0	10	23	0	33		
Admin/Account Staff (4th–10th)	5	4	0	3	3	0	6		
Other Staff– Health (5th–8th)	3	2	0	1	8	0	9		
Support staff (No Level)	11	11	0	0	19	3	22		
Total	59	48	0	29	90	3	122		

७. अस्पताल विकास समिति :

क्र.सं.	नाम	पद	सर्म्पक नं.
१.	श्री जगदिश प्रसाद चौधरी	अध्यक्ष	९८५७०४६७५०
२.	श्री धनपत यादव	प.दे.न. सदस्य (नगर प्रमुख, रामग्राम न.पा.)	९८५७०४४७४११
३.	श्री बिक्रम श्रेष्ठ	सदस्य (प्रतिनिधी, जिल्ला प्रशासन कार्यालय नवलपरासी)	९८५१४२६८८८
४.	श्री सावित्रा पौडेल	महिला सदस्य	९८४७०५३६२०
५.	श्री बृज कुमार यादव	सदस्य सचिव	९८५७०८२६१७

८. अस्पताल विकास समितिका अध्यक्षहरुको नामावली:

क्र.स.	नाम/थर	देखि	सम्म
१	हरिलाल श्रेष्ठ	२०६१।०४।१२	२०६३।०२।२५
२	सत्रजीत यादव	२०६३।०८।१४	२०६५।०५।११
३	विरेन्द्र कुमार अग्रहरी	२०६६।०५।२६	२०६७।१२।२३
४	रामधनी प्रसाद केवट	२०६८।०२।३०	२०६८।०६।२५
५	विजय कुमार अग्रहरी	२०६८।०६।२९	२०६९।०२।०७
६	रामधनी प्रसाद केवट	२०६९।०२।०८	२०६९।०८।२२
७	लक्ष्मी क्षत्री	२०७१।०९।०७	२०७३।०९।२८
८	सन्तोष कुमार श्रीवास्तव	२०७३।१०।११	२०७५।०५।०५
९	शिव शंकर प्रसाद राय	२०७५।०५।१७	२०७६।०६।२९
१०	जगदिश प्रसाद चौधरी	२०७६।०७।१५	२०७८।०९।२५
११	महेन्द्र प्रसाद गुप्ता	२०७८।११।२३	२०८१।११।२३
१२	जगदिश प्रसाद चौधरी	२०८२।०२।०५	हालसम्म

९. कार्यालय प्रमुखहरुको नामावलि

क्र.स.	नाम/थर	देखि	सम्म	कैफियत
१	ड.उत्तम कुमार कक्षपती	२०४०।०१।०४		
२	डा.नन्द प्रसाद शर्मा	२०४२।१२।२८		
३	डा.शैलेश कुमार उपाध्याय	२०४४।०३।२३		
४	डा.वकिल कुमार श्रेष्ठ	२०४४।१२।११		
५	डा.शैलेश कुमार उपाध्याय	२०४५।०९।२६		
६	डा.गीता कार्कि	२०४६।०८।२३		
७	डा.शैलेश कुमार उपाध्याय	२०४७।०३।०३		
८	डा.यज्ञमान शाक्य	२०४८।१०।१३		
९	डा.शुशील कुमार श्रीवास्तव	२०४९।०१।१६		
१०	डा.केशव राज भुर्तेल	२०५२।०३।०६		
११	डा.सागर कुमार राज भण्डारी	२०५३।०१।०६		
१२	डा.श्री श्रवण कुमार चौधरी	२०५३।०३।०६		
१३	डा.जगत नारायण गीरी	२०५४।०२।२४		
१४	डा.शम्भु कुमार पहारी	२०५५।०२।०६		
१५	डा.लाल बहादुर मल्ल	२०५५।०८।०६		
१६	डा.गोपाल खनाल	२०५५।१२।०६		
१७	डा.रामजी चौधरी	२०५६।०८।०९		

क्र.स.	नाम/थर	देखि	सम्म	कैफियत
१८	डा.यम बहादुर बस्नेत	२०६०।०२।१०		
१९	डा.रच पी महाजु	२०६२।०१।१४		
२०	डा.गोपाल प्रसाद खनाल	२०६३।११।०३		
२१	डा.रामशंकर दिप	२०६६।०५।२६		
२२	डा.रामलखन शह	२०६९।०२।०८		
२३	डा.अर्जुन श्रेष्ठ			
२४	डा.जगननाथ तिवारी	२०७०।०६।११		
२५	डा.मोहम्मद नुरुल होदा	२०७०।१२।२६	२०७४।०८।०४	२०७३ सालमा ५० शैयाको अस्पतालमा स्तोरन्नति भएको
२६	डा.अनन्त कुमार शर्मा	२०७४।०८।०५	२०७६।०४।०६	
२७	डा. मोहम्मद नुरुल होदा	२०७६।०६।१४	२०८०।०५।२६	
२८	डा. किरण पाण्डेय	२०८०।०५।२६	२०८१।०२।२९	
२९	डा. मोहम्मद नुरुल होदा	२०८१।०२।२९	२०८२।०४।३०	
३०	डा. प्रकाश ढकाल	२०८२।०५।१५	२०८३।०१।२७ हालसम्म	
३१	डा. बृज कुमार यादव	२०८३।०१।२८	हालसम्म	

९. अस्पतालको भौतिक सम्पतीको विवरण:

अस्पतालको नाममा भएको जग्गाको क्षेत्रफल : ०२-१६-०५-०० विगाहा

अस्पतालको जग्गा धनी पुर्जा अनुसार नाम र ठेगाना : परासी हस्पीटल

कित्ता नं. १०८१

११. अस्पताल तथा अन्य भवनको विवरण :

सि.नं.	जग्गाको स्वामित्व	घरको स्वामित्व	विवरण	कैफियत
१	पृथ्वी चन्द्र अस्पताल	पृथ्वी चन्द्र अस्पताल	दुई तला रयाम्प सहितको	Indoor/ OT Block
२	पृथ्वी चन्द्र अस्पताल	पृथ्वी चन्द्र अस्पताल	अस्पतालको मुख्य पुरानो भवनमा	Dialysis, ART, OCMC, Phyiotheraphy
३	पृथ्वी चन्द्र अस्पताल	पृथ्वी चन्द्र अस्पताल	पुरानो चार परिवार कर्मचारी क्वाटर	विशेषज्ञ चिकित्सकहरुको आवासमा प्रयोग
४	पृथ्वी चन्द्र अस्पताल	पृथ्वी चन्द्र अस्पताल	पुरानो चार परिवार कर्मचारी क्वाटर	स्टोर तथा मेडिकल अधिकृतहर को आवासमा प्रयोग
५	पृथ्वी चन्द्र अस्पताल	पृथ्वी चन्द्र अस्पताल	क्यान्टिन	भाडामा संचालन
६	पृथ्वी चन्द्र अस्पताल	पृथ्वी चन्द्र अस्पताल	२३ वटा सटरहरु	भाडामा संचालन
७	पृथ्वी चन्द्र अस्पताल	स्वास्थ्य कार्यालय नवलपरासी	पुरानो भवनको ३ वटा कोठा	DOTS/ ART/ OCMC
८	पृथ्वी चन्द्र अस्पताल	स्वास्थ्य कार्यालय नवलपरासी	३ कोठे पुरानो भवन	एम.सी.एच.भवन
९	पृथ्वी चन्द्र अस्पताल	विनोद निता कंडेल आँखा अस्पताल	दुई तला भवन कम्पाउंण्ड घेरा सहित ।	विनोद निता कंडेल आँखा अस्पतालको भोग चलनमा रहको ।
१०	पृथ्वी चन्द्र अस्पताल	नेपाल रेडक्रस सोसाइटी, नवलपरासी	दुई तलाको भवन	ब्लड बैंक नेपाल रेडक्रस सोसाइटीको भोग चलनमा रहेको
११	पृथ्वी चन्द्र अस्पताल	स्वास्थ्य कार्यालय, नवलपरासी	१ वटा नयाँ र २ वटा पुरानो भवन, तथा गाडी पार्किङ र कपाउण्ड घेरा सहित	स्वास्थ्य कार्यालयको भोग चलनमा रहेको
१२	पृथ्वी चन्द्र अस्पताल	पृथ्वी चन्द्र अस्पताल	८ कोठा सहितको पि.सी. आर. प्रयोगशाला भवन	ओ.पि.डी. प्रयोगशाला र जिन एक्सपर्ट ब्लक
१३	पृथ्वी चन्द्र अस्पताल	पृथ्वी चन्द्र अस्पताल	२ वटा कोठा सहितको भवन	पोष्टमार्टम गृह र ६ केविन मर्चरी रहेको
१४	पृथ्वी चन्द्र अस्पताल	पृथ्वी चन्द्र अस्पताल	५० शैयाको मुख्य अस्पताल भवन	OPD, ER, प्रशासन
१५	पृथ्वी चन्द्र अस्पताल	मे.सु. निवास	१ तला, ४ कोठा	

१२. अस्पतालको भौतिक पूर्वाधारको अवस्था

विवरण	संख्या	अपर्याप्त भएमा कुन प्रयोजन / कति
Hospital Own Land (area) (ropani/Bighaha)	02-16-05-00 बिगाहा	पर्याप्त
Hospital Own Building	3(old -Dialysis ,ART,OCM-C,Physio,Sickle cell/Indoor OT Block,New)	पर्याप्त
Medical Superintendent Niwas	1	पर्याप्त
Hospital Room	49	पर्याप्त
Doctor quarter	2(8 Rooms)	अपर्याप्त
Nurses quarter	0	अपर्याप्त
Paramedics quarter	0	अपर्याप्त
Other Staff quarter	0	अपर्याप्त
CEONC Infrastructure	0	पर्याप्त
Maternity Waiting Room	2	पर्याप्त
Post-Mortem Room	2	अपर्याप्त

१३. अस्पतालको वित्तीय प्रगति विवरण २०८२/०८३

पृथ्विचन्द्र अस्पताल

2082.83

पुजिगत खर्च		प्राप्त बजेट	खर्च	निकाशा	बाकी	खर्च प्रतिशत
३७०००१३४	-प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम	१०५०००००	५५६११५५	५५६११५५	४९३८८४५	52.96
३७००१०१२४	प्रादेशिक अस्पतालहरु	२०००००	१५९९९२	१५९९९२	४०००८	80.00
जम्मा		१०७०००००	५७२११४७	५७२११४७	४९७८८५३	53.47
चालु खर्च						
३७००१०१२३	प्रादेशिक अस्पतालहरु	४८१९३३९९	४२९४७८०५	४२९४७८०५	५२४५५९४	89.12
३७०००१३३	-प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम	९०५००००	८७१५६३२	८७१५६३२	३३४३६८	96.31
३७०९११२१३	एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान)	५२७०००	५२७०००	५२७०००	०	100.00
३७०९११२७३	उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान)	७५००००	६९१०६३	६९१०६३	५८९३७	92.14
३७०९११२८३	नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कार्यक्रम(संघ शसर्त अनुदान)	४००००००	३५४१३५९	३५४१३५९	४५८६४१	88.53
३७०९११३१३	परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान)	१७८६३०००	१७४२७६३५	१७४२७६३५	४३५३६५	97.56
३७०९११३२३	महामारी रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान)	२६१०००	१६०३७४	१६०३७४	१००६२६	61.45
३७०९११३५३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(संघ शसर्त अनुदान)	११५५६९५९	१०८७७१००	१०८७७१००	६७९८५९	94.12
जम्मा		९२२०१३५८	८४८८७९६८	८४८८७९६८	७३१३३९०	92.07
		102901358	90609115	90609115	12292243	88.05

अस्पताल विकास समिति		109262587.2	103715098	103715098	5547489.19	94.92

१४. अस्पताल विकास समिति सम्बन्धी विवरण:

Description	Details
1. Number of meetings held in FY 2082/83	6
2. Financial Information 2082/083	Amount (NPR)
2.1. Balance at the end of Ashad 2082	31,46,969.19
2.2. Income from service fees, rent, etc.	10,61,15,618.00
2.3. Income from donation, grant etc.	
2.4. Total Income	7,48,04,868.19
2.5. Total expenses	10,37,15,098.00
2.6. Balance at the end of Aashad 2083	55,47,489.19

१५. पृथ्वी चन्द्र अस्पतालको नाममा रहेका सवारी साधनको विवरण :

क्र.सं.	सवारी साधनको प्रकार	सवारी नं.	निर्माता कम्पनी र देश	निर्माण वर्ष	कैफियत
१.	मोटरसाईकल	लु १ प २४८१	होण्डा, भारत	२०१९	
२.	मोटरसाईकल	लु १ प २४८२	होण्डा, भारत	२०१९	
३.	मोटरसाईकल		होण्डा साइन एस.पी.	२०२५	
४.	पिकअप	लु.१ झ ६१३	महिन्द्रा, भारत	२०२०	
५.	एम्बुलेन्स	लु.अ.अ. ९५५०	फोर्स, भारत	२०१८	
६.	पिकअप	बा १ झ ५७४७	टोयटा, भारत	२०००	पुरानो
७	शव वाहन	लु.१ झ ७५१	महिन्द्रा, भारत	२०२१	


१६. Key Performance Service Indicators- FY 2081/082

S.N.	Key Service	Standards	Yes	No	Rational
1	IPD services	Separate Medical wards with assigned staffs	yes		
		Separate Surgical wards with assigned staffs	yes		
		Separate Maternity ward with trained staffs	yes		
		Separate paediatric word with assigned staffs	yes		
2	ER services	Separate ER Deparment with 24 hour service	yes		
		Disaster Management Plan	No		
		Triage: Regular and disaster management Triage	yes		
		Equipment: Defibrillator/ DC shock/ Patient monitor	yes		
		HR- Trained HR 24 hour coverage/ ER incharge- MO/ MDGP	yes		
		Emergency Procedure room in ER	yes		
		Emergency Plan /Protocol in place	yes		
3	Surgical services	Separate OT for regular and emergency surgery	yes		
		HR: MDGP/ Ob Gyn/Surgen/ Ortho	yes		
		Separate assigned Post operative ward	yes		
		Types of procedurs : CS/Laparotomy/ general Surgery/ ortho/ all emergency life saving surgery	yes		

S.N.	Key Service	Standards	Yes	No	Rational
4	Anesthesia	HR- AA/ Anesthesiologist	yes		Anaesthe-siologist req.
		GA machine	yes		
5	OPD Pharmacy	HR- # Pharmacist / other HR	yes		
		24 Hours service	yes		
6	Laboratory	24-hour services	yes		
		Hematology	yes		
		HR- Technologist/Technician/ Assistant	yes		Technolo-gist req
		Biochemestry (Sugar/ LFT/RFT/lipid profile)	yes		
		Microbiology with Culture		No	Planned for established
		T3, T4, TSH	Yes		
		Equipment's (Auto/ Semi Auto Analyzer)	yes		
7	Blood bank	Storage		No	
		Working Blood Bank		No	
8A	X-ray service USG service	HR-Rediologist/ Rediographer/ Darkroom assistant/ other	yes		
		Functioning (500 MA or above)	yes		
		Digital/ CR X-ray	Yes		
		Portable X-ray available and functioning	Yes		
		Available and well functioning	yes		Radiolo-gist
8B	CT/MRI	Availability of CT/ MRI and functioning		No	
9	Dental Services	Separate Dental Department	Yes		
		HR- Dental doctor/ hygienist	Yes		

S.N.	Key Service	Standards	Yes	No	Rational
10	CSSD Services	Separate CSSD department with assigned HR, enough equipment and supply as per hospital need	Yes		
11	Laundry Services	Separate Laundry department with assigned HR with enough supplies	Yes		
12	Security	24 hour coverage (Either Police or security Guard)	Yes		
13	EHS	Expanded hospital service available after regular hour	Yes		
14	Electricity backup	Enough to run hospital regular services Lab and X-ray, OT services	Yes		
15	Health Care waste management	Separate area for waste management	Yes		
		Autoclaving of contaminated waste	Yes		
		Waste management plant	No		
16	E billing system	Central belling system	Yes		
		E billing separatly	Yes		
17	Electronic Health Record (EHR)	Available and well functioning in all departments of the hospital	No		
18	Oxygen Supply	Central supply of O2 by Oxygen plant	Yes		
		O2 concentrator	Yes		
		O2 Cylinder	Yes		
19	Special Care Units	Separate Units			
		Separate ICU/ SNCU/NICU, CCU	yes		
20	Any other Services	OCMC	Yes		
		Separate area for Medico legal services	Yes		
		Nutrition Rehabilitation Centre	No		

DHIS2 प्रतिवेदनको अवस्था - आ.व. २०८२/८३



१८. मुख्य उपकरणहरुको अवस्था:

Department	Name of equipment (Based on Minimum Service Standard)	Quantities			
		Functional	Non-functional	Need to Repair	Need Procurement
Emergency	1.Cardic Monitor	1	2	2	0
	2.ECG Machine	1	1	1	0
	3.Suction Machine	1	1	1	0
	4.Pulse Oxymeter	1	2	2	2
	5. Nebulizer	2			
OPD	1.Stethoscope	15	0		
	2.BP set	15	0		
	3.Otoscope	5	0		
	4.Pulse oximeter	15	0		
In Patient	1.Nebulizer	2	1		
	2.Medicine Trolley	4	0		
	3.ECG Machine	1	1		1
	4.Suction Apparatus	2	0		
	5.Pulse Oxymeter	4	0		
	6. Monitor	1	2		
Labor Room	1.Delivery Bed	2	0		
	2.Suction Machine	2	0		
	3.Doppler	2	0		
	4. CGT Machine	1	0		
Postnatal Ward	1.Perilight	2	0		
OT Department/ Postop	1.OT Table	4	0		
	2.Anesthesia with Ventilator	0	1		
	3. C-Arm	0	1		1
	4. OT Light	3	1	1	0
	5. Electrosurgical Unit	2	1		1
	6.Suction Machine	2	1		1
	7. Monitor	7	0		0

Department	Name of equipment (Based on Minimum Service Standard)	Quantities			
		Functional	Non-functional	Need to Repair	Need Procurement
Laboratory	1.Coulter Machine	2	2		
	2.Microscope	3	2	0	0
	3.Centrifuge Machine	3	1	1	1
	4.Electrolyte Analyzer	2	1	1	
	5.Fully Automated Biochemistry Analyzer	2	0		1
	6.Clia Machine	2	0		
	7.Semi-auto Biochemistry analyzer	1	2	2	1
	8.HPLC machine for Sickle cell and Thalassemia test	1	0		
	9.Computer	3	0		
	10.Refrigerator	5	0		
	11.Protein analyzer	1	0		
	12.Roller Machine	2	0		
	13.Hot air oven	3	0		
	14.Laminar air flow	1	0		
	15. Biological Safety Cabinet	0	1	1	
	16. Blood Culture Machine	1	0		
MCH-FP Clinic	1.Implant Insertion and removal set	3	0		
	2.IUCD Insertion set	2	0		
	3.Anc bed	1	0		
	4.Autoclave	1	0		
CSSD	1.Autoclave	1			2

Department/ Service	Name of equipment (Based on Minimum Service Standard)	Quantities			
		Functional	Non-functional	Need to Repair	Need procurement
Hospital Support Service					
1. Health Care Waste Management	Autoclave	1	1	1	0
2. Electricity and Power Supply	Generator (125kva)	1			
3. Laundry	Washing Machine		1		1
	Hydro Extractor				
	Dryer				
4. CSSD	Autoclave	1	2	2	
5. Oxygen	Oxygen Plant	1			
6. Postmortem	Mortuary chamber (freeze)	6			1 (2 chamber freeze)
7. Other	Digital Token System	1			1

१९. अस्पताल बेड संख्या

Description	No.		
Sanctioned Bed (Government)	50		
Sanctioned Bed (Development committee)	33		
Total Operational Bed	83		
Total Available Bed	83		
Maternity	20	HDU	4
Pediatric	3	SNCU	5
Surgery	5	NICU	0
General Medicine	14	Emergency	10
Post Operative	7	Isolation	2
MCH	2	Geriatric	3
OCMC	2		
Dialysis	6		

२०. अस्पतालको मुख्य सेवा सम्बन्धी सूचकहरुको अवस्था

Indicators	FY 2080/081	FY 2081/082	FY 2082/083
Bed occupancy rate	53.1	45.98	30.63
Average length of stay	2	3.33	5.02
Bed turnover interval	42.9	19.3	194.84
Infection rate among surgical cases	0	0.11	0
Surgery related death rate	0	0	0
Average number of radiographic images per day	17	30.84	65.85
Average number of laboratory tests per day	397.41	232.56	627.05
Average number of USG per day	16.96	22.21	27.38
Average number of ECG per day	4.52	9.74	16.04
Total Surgery Cases	1831	2638	1333
% of major surgery among total surgery cases	17.96%	38.13%	136.98%
Total OPD in numbers	60422	67747 (Total clinets served 71791)	76035
Total admitted in indoor	2306	3510	3499
Total discharge from indoor	2306	3494	3425
Total emergency care	11948	9560	17745
Proportion of In-patient among total patient	3.82%	4.88%	4.60%
Death within 48 hrs. of admission	0	11	1
Death after 48hrs. of admission	3	6	2
Outpatients sex ratio	83.93%	82.63%	68.57%

२१. डिस्चार्ज भएका बिरामीहरुको विवरण (INPATIENT), आ.व. २०८१/०८२

Age Group	Number		
	Female	Male	Total
Up to 14 Yrs	147	188	335
15 to 49 Yrs	891	447	1338
50-59 Yrs	100	87	187
60+Yrs	222	240	462
Total	**1360**	**962**	**2322**

२२. प्रमुख दश रोगहरुको नाम (Top 10 causes of morbidity) (बहिरंग बिरामी संख्याको क्रमानुसार)

OPD Top Ten Deseases	Shrawan 2082 - Asar 2083
OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Hypertension	3387
Outpatient Morbidity-Nutritional & Metabolic Disorder-Diabetes Mellitus (DM) Cases	3223
OPD-Morbidity-Orthopaedic Problems-Backache(Musculoskeletal Pain)	3002
OPD Morbidity-Orthopaedic-Lower Back Pain	2275
OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-COPD	1876
OPD-Morbidity-Orthopaedic Problems-Arthritis-Osteo Arthrosis	1510
OPD-Morbidity-Surgical Problems-Acid Peptic Disorders	1473
Outpatient Morbidity-Other Infected Diseases-ARI/ Lower Respiratory Tract Infection (LRTI) Cases	1422
OPD-Morbidity-Other Diseases & Injuries-Dog Bite	1316
Outpatient Morbidity-Oral Health Related Problems-Toothache Cases	1059

२३. प्रमुख दश रोगहरुको नाम (Top 10 causes of morbidity) (इमर्जेन्सी बिरामी संख्याको क्रमानुसार)

	Shrawan 2082 - Asar 2083
Common Emergency Diseases-Orthopaedic & Trauma-Muskuloskeletal Injuries	1065
Common Emergency Diseases-Gastrointestinal-Abdominal pain	930
Common Emergency Diseases-Gastrointestinal-Acute Gastritis	803
Common Emergency Diseases-Bites-Animal Bite	772
Common Emergency Diseases-Gastrointestinal-Acute Gastroenteritis	484
Common Emergency Diseases-Respiratory-Shortness of breath	406
Common Emergency Diseases-Cardiac-Chest pain	388
Common Emergency Diseases-Bites-Snake Bite	383
Common Emergency Diseases-Cardiac-Hypertensive Emergencies	347
Common Emergency Diseases-Respiratory-Acute exacerbation of (COPD)	266

२४. परिवार कल्याण कार्यक्रम सम्बन्धी सूचकहरुको अवस्था

Indicators	2080/081	2081/082	2082/083
Total new users (of all FP methods)	90	129	100
Number of pregnant women who had first ANC visit (any time)	106	97	96
Number of pregnant women who had 180 iron tablets	79	35	28
Number of pregnant women who had eight ANC visit as per protocol	39	9 (8 times)	47
Number of health facility delivery	930	1411	1563
Number of C/S delivery	339	591	602
Number of Normal delivery	591	820	961
Number of SBA assisted delivery	248	547	825
Number of SHP assisted delivery	605	786	698
Number of other health worker assisted delivery	77	78	40
Number of newborns who received CHX immediately after birth	924	1404	1558
Number of low birth and very low birth weight babies	95	101	108
Number of children immunized with DPT-HepB-Hib3	160	121	112
Number of children immunized with Measles/ Rubella2	182	136	137

२५. मातृ तथा शिशु मृत्युको विवरण तथा MPDSR आ.व. २०८२/०८३

Particular	Number
Number of Maternal Deaths at Hospital	0
Number of Neonatal Death at Hospital	0
Number of Perinatal Deaths in hospital	0
Number of still births	7
Number of early neonatal deaths	0
MPDSR Implementation (Yes/No)	yes
Number of hospital maternal deaths reviewed (MPDSR)	0
Number of hospital perinatal deaths reviewed (MPDSR)	12
Major responses taken to prevent similar maternal and perinatal deaths in future :	Care as per as protocol

२६. रोग नियन्त्रण कार्यक्रम

Indicators	2080/81	2081/082	2082/083
Number of blood collected for Malaria test	408	1062	829
Number of slides positive	2	8	6
Number of imported malaria cases	2	8	6
Number of Plasmodium Falciparum Malaria cases	0	1	0
Total Tuberculosis cases (all form)	27	24	25
TB treatment success rate	87%	87.5%	91.67%
Total new cases of Leprosy	0	0	0
Total cases of Grade2 disability	0	0	0
Total HIV Clients on ART	333	375	-
HIV New positive cases	26	51	33

२७. Hospital Based One Step Crisis Management Center (OCMC)

Number of new reported case by service	2080/81	2081/082	2082/083
Physical examination	222	348	276
Injury	222	348	276
Safe abortions	1	0	1
Treatment of mental illness	0	6	1
Psychosocial counseling	222	348	276
Medico-legal service	11	11	10
HIV testing/counseling	18	27	19
Pregnancy test	26	29	20
Emergency contraceptive	8	4	3
STI Treatment	0	0	0

२९. Medico Legal Cases Performed in FY 2082/083

Cases	No.
Autopsy	207
Sexual Assault	4
Physical Injury	1520
Total	1731

२८. Total Patients Served by Social Service in FY 2082/083

Target Group	Number		HI Enrollment	
	2082/083	Follow-up	Enrolled	Not Enrolled
SSU implemented (Yes/No)	yes			
Ultra Poor and Poor	346	-		
Helpless	5	-		
Person with Disability	41	-		
GBV Survivors	0	-		
Senior Citizen	1050	-		
Deprived emergency patients	0			
Disaster survivors	0			
Marginalized/endangered group	0			
FCHV	0			
Malnourish children	0			
Prisoners	0			
Others	13			
Total	1455			

२९. **अस्पतालको फार्मेसी**

बिबरण	नतिजा
फार्मेसी संचालन गरेको मिति	२०७४/५/१६
फार्मेसीमा उपलब्ध औषधिहरूको संख्या	८७०
फार्मेसीमा कार्यरत जनशक्ती संख्या	७ जना
Software को अबस्था	संचालन
हालसम्मको लगानी	२०,००,०००
प्रति महिना औषत बिक्री रकम	३१,२५,६३७/-
प्रति महिनाको खुद औषत आम्दानी	५,००,०००

३०. प्रदेश सरकारका विशेष प्राथमिकताका कार्यक्रम

नि:शुल्क रक्त संचार कार्यक्रम

आमा सुरक्षा कार्यक्रम		
सि. न.	**बिबरण**	**जम्मा**
१	जम्मा बिरामी संख्या	११
२	जम्मा सोध भर्ना रकम	१०,४५०
३	प्रति बिरामी खर्च	९५०।००


विशेष प्राथमिकताका कार्यक्रम २०८२/८३

Sickel Cell तथा Thalasemia कार्यक्रम		
सि. न.	**बिबरण**	**जम्मा**
१	Enrolled Sickle Cell Disease बिरामी संख्या	४
२	Number of HB Electrophoresis test Performed F/YM 2082/83	१४०

३१. **स्वास्थ्य बिमा कार्यक्रम आ.व.** २०८२/०८३

बिबरण	अवस्था
अस्पतालमा स्वास्थ्य विमा सुरुवात गरिएको आ.व.	२०७७/७८
अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत बिमितको जम्मा संख्या	३६४१९
अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत स्वास्थ्य विमा नविकरण गर्नेको संख्या	-
दाबी (claim) गरिएको रकम रु.	४,५६,५४,१९१
दाबी (Approve) गरिएको रकम रु.	३,६२,९४,०४४
भुक्तानीको लागि सिफारिस रकम रु.	३,६२,९४,०४४
प्राप्त रकम रु.	३,३०,२६,९६०
भुक्तानी हुन बाँकी रकम रु.	१,२६,२७,२३१

३२. MSS Trend of Prithvi Chandra Hospital



३३. Planed Action during last MSS Assessment

Priority No	Planed Activities	Current Status (C= completed, O = On-going, N= Not done)	Remarks
1	Token system for patient	C	
2	Regular Inter and Intra Depart-ment Meeting	C	
3	Social Audit	C	
4	Sitting arrangement in waiting	C	
5	Arranged Medical record department	C	
6	Separate space for meeting and CME	O	
7	IEC and BCC	O	

Planed Action during last MSS Assessment

Priority No	Planed Activities	Current Status (C= completed, O = Ongo-ing, N= Not done)	Remarks
1	Separate inpatient wards (Medical, Surgical and Pediatric)	N	
2	Expansion of OPD (Surgery)	C	
3	Computerized Lab report	O	
4	24 hours X-Ray service	C	
5	Mock Drills	C	
6	Separate ECG Room	O	
7	Functioning SNCU	C	

Planed Action during last MSS Assessment

Priority No	Planed Activities	Current Status (C= completed, O = On-going, N= Not done)	Remarks
1	Replace fire extinguisher	C	
2	Room for security Guard	C	
3	Strengthening hospital canteen	C	
4	Prepare work plan for hospital waste management	O	

३४. **अक्सिजन उत्पादनको अवस्था**

	क्षमता	२४ घण्टामा उत्पादन	कैफियत
अक्सिजन प्लान्ट	25 Nm^3	75 to 80	
	संख्या	लि.	
अक्सिजन कन्सन्टेटर	6/5=11	10/5	
अक्सिजन सिलिन्डर	50+20+10=80	40/47/18	

Rate List of Hospital Services

S.No.	Service Name	Rate
	Dental	
1	2080-01 Access Opening For Molar	1500
2	2080-01 Access Opening For Molar (EHS)	1800
3	2080-02 Working Length For Molar	500
4	2080-02 Working Length For Molar (EHS)	600
5	2080-03 BMP For Molar	500
6	2080-03 BMP For Molar (EHS)	600
7	2080-04 Obturation For Molar	500
8	2080-04 Obturation For Molar (EHS)	600
9	2080-05 Composite Restoration	800
10	2080-05 Composite Restoration (EHS)	960
11	2080-06 Coronoplasty	150
12	2080-06 Coronoplasty (EHS)	180
13	2080-07 DENTAL X-RAY (IOPA/RVG) (EHS)	120
14	2080-07 DENTAL X-RAY (IOPA/RVG)	100
15	2080-08 Extraction By Surgery	500
16	2080-08 Extraction By Surgery (EHS)	600
17	2080-08A Extraction By Surgery	1000
18	2080-08A Extraction By Surgery (EHS)	1200
19	2080-08B Extraction By Surgery	2500
20	2080-08B Extraction By Surgery (EHS)	3000
21	2080-09 Extraction Of Mobile Teeth	200
22	2080-09 Extraction Of Mobile Teeth (EHS)	240
23	2080-10 Extraction Of Non-mobile Teeth	400
24	2080-10 Extraction Of Non-mobile Teeth (EHS)	480
25	2080-11 Extraction Of Wisdom Teeth	500
26	2080-12 GIC (Two Surfaces)	400
27	2080-12 GIC (Two Surfaces) EHS	480
28	2080-13 GIC Restoration	500
29	2080-13 GIC Restoration (EHS)	600
30	2080-14 Irrigation & Dressing	200
31	2080-14 Irrigation & Dressing (EHS)	240
32	2080-15 Opperculectomy	500
33	2080-16 Polishing Of Teeth	200
34	2080-17A RCT (A/O) For Pre-Molar Teeth	1000
35	2080-17A RCT (A/O) For Pre-Molar Teeth (EHS)	1200
36	2080-17B RCT (Obturation) Of Pre-Molar Teeth	1200
37	2080-17B RCT (Obturation) Of Pre-Molar Teeth (EHS)	1440
38	2080-18A (A/O) Pulpectomy	1000
39	2080-18A (A/O) Pulpectomy (EHS)	1200
